# मानव अधिकारपत्र

राष्ट्रिय मानव अधिकार आयोगको नियमित प्रकाशन

वर्ष ६ अङ्क २ जेठ २०८०


## 'मिटरब्याज' पीडितहरूमाथि अधिक बल प्रयोग मानव अधिकारविरुद्धको कार्य: आयोग



काठमाडौँको शान्ति वाटिकामा धर्नामा बसेका 'मिटरब्याज' पीडितहरूमाथि प्रहरीद्वारा अत्याधिक बल प्रयोग तथा धरपकड गरिएको भनिएको घटनाको सम्बन्धमा आयोगले स्थलगत अनुगमन गरेको छ। शान्तिपूर्ण धर्नामा रहेका 'मिटरब्याज' पीडितहरूको प्रधानमन्त्रीलाई भेट्ने तयारी थियो। सोही कार्यक्रमअनुसार सो स्थानबाट अगाडि बढ्न लाग्दा उनीहरूलाई प्रहरीले रोक लगाउँदा झडप हुन पुगेको आयोगको अनुगमनबाट पाइएको छ। धर्नामा रहेकाहरूमाथि अधिक बल प्रयोग गर्दै धरपकड गरेको, खाना पकाउने ग्याँस, खाद्यान्नलगायतका सामग्रीहरू जबरजस्ती उठाइएको छ। धर्नामा रहेका प्रदर्शनकारी र वृद्धवृद्धाहरूलाई समेत नियन्त्रणमा लिई महेन्द्र पुलिस क्लबको भवन परिसरमा लगी कुटपिट गरिएको देखिएको छ। प्रहरीको कुटपिटबाट घाइते भई काठमाडौँको ट्रमा सेन्टरमा उपचाररत व्यक्तिहरू, अस्पताल प्रशासन तथा महानगरीय प्रहरी वृत्त दरबारमार्गमा राखिएकाहरूसँग पनि अनुगमन टोलीले जानकारी लिएको छ। घाइतेहरूमध्ये अधिकांशलाई टाउकोमा चोट लागेको र ट्रमा सेन्टरमा उपचाररत तीनजना गम्भीर घाइते भएको पाइएको छ। यस कार्यबाट मानव अधिकारको विश्वव्यापी

यसभित्र ........


- स्वतन्त्र, भयरहित निर्वाचन २
- आकस्मिक अनुगमनमा आयोग ३
- सत्याग्रहीको जीवन रक्षा गर ४
- मानव अधिकारका समसामयिक ५
- स्थानीय तहमा पाँचौं मानव अधिकार ... ५
- नीतिगत सवालमा आयोग .......६
- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभा...६
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको ..६
- उपभोक्ताको अधिकार ....७
- संयुक्त राष्ट्रसङ्घीय कार्य समूहका ...८
- व्यावसाय र मानव अधिकार विषयमा ...८
- छुवाछूत तथा भेदभावविरुद्ध आयोग ...९

घोषणापत्र, १९४८ को धारा १९, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा १९, नेपालको संविधानको धारा १७ को उल्लङ्घन भएको छ ।

नागरिकको मर्यादित रूपमा विचार राख्ने र शान्तिपूर्ण गतिविधि गर्ने स्वतन्त्रताको सम्मान र परिपालना गर्नु राज्यको दायित्व भए पनि यसमाथि गम्भीर प्रहार हुन पुगेको छ । घटनाको सम्बन्धमा आयोगले २०८० वैशाख ५ मा एक प्रेस-विज्ञप्ति जारी गरेको थियो । विज्ञप्तिमा नागरिकको शान्तिपूर्ण रूपमा भेला हुने र आफ्ना विचारहरू राख्न पाउने अधिकारको सम्मान र संरक्षण गर्न, आगामी दिनमा अत्याधिक बल प्रयोग नगर्न भनिएको छ । यसको साथै घाइतेहरूको प्रभावकारी उपचारको व्यवस्था गर्न र सार्थक संवादमार्फत समस्याको समाधान गर्न नेपाल सरकारको ध्यानाकर्षण गराएको छ । विरोध प्रदर्शनलाई मर्यादित र शान्तिपूर्ण बनाउन धर्नामा बसेकाहरूलाई समेत आयोगले अनुरोध गरेको छ ।

## स्वतन्त्र, भयरहित निर्वाचन, मानव अधिकार सम्मानको आधार: आयोग



आयोगको वाग्मती प्रदेश कार्यालय, हेटौँडाले प्रतिनिधि सभा सदस्य उप-निर्वाचन २०८० को मानव अधिकार दृष्टिकोणबाट अनुगमन गरेको छ । आयोगका माननीय सदस्य मिहिर ठाकुर र आयोगको वाग्मती प्रदेश हेटौँडाका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीसहितको टोलीले २०८० वैशाख ७ देखि ११ गतेसम्म अनुगमन गरेको हो ।



अनुगमन टोलीले वैशाख ८ गते भरतपुर महानगरपालिकाका नगरप्रमुख रेणु दाहाल, उप-प्रमुख चित्रसेन अधिकारीसहित नगरपालिकाका कर्मचारीहरूसँग परामर्श बैठक सम्पन्न गरेको छ । यसै गरी जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीसँग समेत जानकारी लिएको छ । परामर्श बैठकका क्रममा निर्वाचनको अलावा चितवन जिल्ला तथा भरतपुर महानगरपालिकाको मानव अधिकारको अवस्था, शिक्षा, स्वास्थ्य, युवा रोजगार, आप्रवासी कामदार, न्यायिक समितिका काम-कारबाही सम्बन्धमा छलफल भएको छ । छलफलमा नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था, विश्वव्यापी आवधिक समीक्षामा प्राप्त सिफारिसको कार्यान्वयन अवस्था आदि विषय पनि समावेश थिए । बैठकमा भरतपुर महानगरपालिकाका नगरप्रमुख रेणु दाहालले भरतपुर महानगरपालिकाको मानव अधिकार संरक्षण र प्रवर्धनमा आयोगसँग सहकार्य गर्न महानगरपालिका इच्छुक रहेकोले क्षेत्र पहिचान गरी सहकार्यमा अगाडि बढ्न आग्रह गर्नुभएको थियो । आयोगका माननीय सदस्य मिहिर ठाकुरले स्थानीय सरकारले नीति निर्माणका क्रममा मानव अधिकार दृष्टिकोणबाट कार्य प्रारम्भ गरेमा आम नगरवासीले मानव अधिकारको अनुभूति गर्न सक्ने हुँदा त्यसतर्फ थप ध्यान दिन आग्रह गर्नुभएको थियो । कार्यक्रममा आयोगका माननीय सदस्य, वाग्मती प्रदेश कार्यालयका प्रमुख, जिल्ला समन्वय समितिका प्रमुख/प्रतिनिधि, इन्सेक वाग्मती प्रदेश संयोजक, आयोगका कर्मचारीलगायतको सहभागिता रहेको थियो ।

## तनहुँ क्षेत्र न. १



आयोगको केन्द्रीय र आयोगको गण्डकी प्रदेश कार्यालय, पोखराद्वारा तनहुँ जिल्लाको निर्वाचन क्षेत्र नं १ को उपनिर्वाचनको मानव अधिकार दृष्टिकोणबाट अनुगमन सम्पन्न गरेको छ ।

तनहुँ निर्वाचन क्षेत्र नं १ बाट प्रतिनिधि सभा सदस्यमा



निर्वाचित रामचन्द्र पौडेल राष्ट्रपति पदमा निर्वाचित भएपछि रिक्त रहेको प्रतिनिधिसभा सदस्यको पदमा वैशाख १० गते उपनिर्वाचन सम्पन्न भएको थियो । अनुगमन टोलीमा आयोगका माननीय सदस्य मिहिर ठाकुर, आयोगको पोखरा कार्यालय प्रमुख मायादेवी शर्मा र मानव अधिकार अधिकृतहरू दीपेन्द्रबहादुर सिंह, टंकप्रसाद खनाल र मोहन काफ्ले रहनुभएको थियो । टोलीले वैशाख ६ देखि १२ गतेसम्म निर्वाचनपूर्व, निर्वाचनको समय र निर्वाचनपश्चात् गरी तीन चरणमा अनुगमन गरेको थियो । अनुगमनका क्रममा जिल्लास्थित प्रजिअ, मुख्य निर्वाचन अधिकृत, प्रहरी प्रमुख, जिल्ला निर्वाचन अधिकारी, नागरिक समाज, राजनीतिक दल, सञ्चारकर्मी, मतदाता, पर्यवेक्षकहरू लगायतसँग भेटघाट गरी सूचना सङ्कलन गरेको थियो ।

अनुगमन राजनीतिक दल तथा उमेदवारले स्वतन्त्र र भयरहित वातावरणमा प्रचार-प्रसार गर्न पाए/नपाएको, समावेशितालाई अबलम्बन गरिएको /नगरिएको, विचार तथा अभिव्यक्ति स्वतन्त्रता, निर्वाचन आचारसंहिताको पालना, शान्तिसुरक्षाको अवस्था आदि विषयमा केन्द्रित रहेको थियो ।

## निर्वाचनलाई निष्पक्ष, स्वच्छ र भयरहित बनाऊः आयोग



आयोगका माननीय सदस्य मिहिर ठाकुरले भयरहित वातावरणमा मतदान गर्न पाउनु नागरिकको मानव अधिकार भएको बताउनुभएको छ । आयोगको वाग्मती प्रदेश कार्यालय हेटौंडाले चितवनको भरतपुरमा वैशाख ८ गते आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा सो कुरा उल्लेख गर्नुभएको हो । उहाँले राजनीतिक दलहरूबीच आपसमा गालीगलौज, सञ्चारमाध्यमप्रति लक्षित गरी अपशब्दबाट लान्छित गर्नाले लोकतन्त्रलाई संस्थागत गर्न सहयोग नपुग्ने उहाँको भनाइ छ । मतदाता, सञ्चारमाध्यम, राजनीतिक दलका नेता कार्यकर्ताहरू संयमित भएर निर्वाचनलाई सफल बनाउँन लाग्न उहाँले आग्रह गर्नुभयो ।



सोही कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका पूर्व सदस्य सुशिल प्याकुरेलले निर्वाचनलाई स्वच्छ र भयरहित अवस्थामा सम्पन्न गर्न सबै नागरिकको भूमिका महत्त्वपूर्ण हुन्छ । जिम्मेवार निकाय जवाफदेही नहुँदा आचारसंहिता उल्लङ्घन घटनामा वृद्धि हुने, त्यसबाट मुठभेडको अवस्था सिर्जना हुने अवस्थातर्फ सचेत रहन सरोकारवालाहरूलाई आग्रह गर्नुभयो । आयोग वाग्मती प्रदेश कार्यालयका सहसचिव यज्ञप्रसाद अधिकारीले राजनीतिक दलका कार्यकर्ता र उम्मेदवारहरू जिम्मेवार र जवाफदेही भएमा आम नागरिकले भयरहित वातावरणमा मताधिकार प्रयोग गर्न पाउँने बताउनुभयो । नेपाल पत्रकार महासङ्घ चितवनका अध्यक्ष नारायणप्रसाद अधिकारीले नागरिकको अभिव्यक्ति स्वतन्त्रताको हकमा नै अवरोध हुने गरी सामाजिक सञ्जालमा व्यक्त भावनाहरूले पत्रकारिता जगतमा त्रास पैदा भएको उल्लेख गर्नुभयो । सञ्चारकर्मीहरूको पेसागत सुरक्षाका लागि आयोगले विषेश निगरानी राखिदिन उहाँले आग्रह गर्नुभएको थियो । नेपाल पत्रकार महासङ्घ चितवनको सभाहलमा भएको उक्त कार्यक्रममा चितवन जिल्लाका २५ जना सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो ।

### आकस्मिक अनुगमनमा आयोग

नवप्रवर्तन, अनुसन्धान र आविष्कारका लागि राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक डा. महावीर पुन अनुसन्धानको क्षेत्रमा बजेट विनियोजन गर्नुपर्ने लगायतका माग राखी रिले अनशन बस्नुभएको थियो । माइतीघर मण्डलामा आयोजित सो अनशनको सम्बन्धमा मानव अधिकार अधिकृतद्धय कुमारी शरणा उराँव र दीपा आचार्य रहेको आयोगको टोलीले वैशाख १७ गते स्थलगत अनुगमन गरेको थियो ।



### सत्याग्रहीको जीवन रक्षा गर :आयोग

वैशाख ५ देखि काठमाडौँको भूगोलपार्कमा विभिन्न माग राखी आमरण अनसनमा बस्नुभएका नुवाकोट ककनी निवासी कृषक श्रीराम घिमिरेको स्वास्थ्य अवस्थाप्रति संवेदनशील हुन आयोगले नेपाल सरकारलाई आग्रह गरेको छ । आयोगको टोलीले अनसनस्थल पुगी घटनाको अनुगमन गरेको छ । अनुगमनबाट घिमिरेले सरकारले कृषक परिचय-पत्रको व्यवस्था, न्यूनतम ब्याजदरमा ऋण, मल, बीउ, विषादी कृषियन्त्रहरू पूर्णत: रूपमा अनुदान उपलब्ध गराउनुपर्ने लगायतका माग राखी अनसन बसेको पाइएको छ । स्वास्थ्य परीक्षण गराउँदा निजको शरीरमा ग्लुकोज र अक्सिजनको मात्रा कम भई स्वास्थ्य अवस्था जटिल बन्दै गएको अनुगमनबाट पाइएको छ । यसबाट नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा ६, नेपालको संविधानको धारा १६ ले नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हक प्रभावित हुन पुगेको देखिन्छ ।

अनुगमनबाट प्राप्त तथ्यका आधारमा आयोगले २०८० वैशाख १४ गते प्रेस-विज्ञप्ति जारी गर्दै अनसनरत घिमिरेको जीवनरक्षा गर्न, सार्थक वार्ताको माध्यमबाट तत्काल समस्याको समाधान गर्न आह्वान गरेको छ । आयोगले २०७५ सालमा किसानको अधिकारसम्बन्धी

कानुनहरूको पुनरावलोकन तथा अध्ययन प्रतिवेदन तयार गरी कार्यान्वयनका लागि नेपाल सरकारलाई गरेको १५ बुँदे सिफारिससमेतको स्मरण गराएको छ। सिफारिसमा कृषि प्रविधि, उपकरण तथा सूचनाको पहुँचको अधिकार, नीतिगत निर्णयहरूमा सहभागिताको अधिकार, किसान परिचय-पत्र उपलब्धताजस्ता विषय समावेश छन् । यसको साथै किसानले उत्पादन गरेको खाद्यान्नको भण्डारण र सुरक्षण, बजार व्यवस्थापन र अन्नको सुरक्षा गरी किसानसहित सबै नागरिकलाई खाद्यान्नमा सहज पहुँचको व्यवस्था गर्नुपर्ने विषय पनि उल्लेख छन् । विज्ञप्तिमा आयोगबाट विगतमा गरिएका यी सिफारिसहरूलाई पनि कार्यान्वयन गर्न जोड दिएको छ। यसको साथै आफ्ना मागहरू राख्दा आमरण अनशनजस्तो कठोर बाटो नरोज्नसमेत आयोगले अनशनरत पक्षलाई अनुरोध गरेको छ।

## मानव अधिकारका समसामयिक मुद्दामा आयोग र नगरपालिका

आयोगका माननीय सदस्य मिहिर ठाकुर नेतृत्वको टोली र हेटौँडा उप-महानगरपालिकाका नगर प्रमुख मीनाकुमारी लामासहित नगरपालिका कर्मचारीबीच २०८० साल वैशाख १२ गते परामर्श बैठक सम्पन्न गरेको छ। बैठकमा उपमहानगरपालिकाको मानव अधिकारको अवस्था, शिक्षा, स्वास्थ्य, युवा रोजगार, आप्रवासी कामदार, न्यायिक समितिका काम-कारबाही सम्बन्धमा छलफल भएको छ। छलफलमा नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजना एवम् विश्वव्यापी आवधिक समीक्षाको कार्यान्वयन अवस्थालगायतका विषय पनि समावेश थिए। छलफलमा नगरप्रमुख लामाले मानव अधिकार संरक्षण र प्रवर्धनमा उमनपा आयोगसँग सहकार्य गर्न इच्छुक रहेको र यसको लागि क्षेत्र पहिचान गरी सहकार्य र साझेदारीमा अगाडि बढ्न आग्रह गर्नुभएको थियो। आयोगका माननीय सदस्य मिहिर ठाकुरले स्थानीय सरकारले नीति निर्माणका क्रममा मानव अधिकार दृष्टिकोणबाट कार्य प्रारम्भ गरेमा आम नगरवासीले मानव अधिकारको अनुभूति गर्न सक्ने हुँदा त्यसतर्फ थप ध्यान दिन आग्रह गर्नुभएको थियो । कार्यक्रममा आयोगका वाग्मती प्रदेश कार्यालयका प्रमुख र मानव अधिकार अधिकृत, उमनापाका कर्मचारीसमेतको सहभागिता रहेको थियो

## स्थानीय तहमा पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना

गण्डकी प्रदेश सरकार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको आयोजना आयोग गण्डकी प्रदेश कार्यालय पोखरा र जिल्ला समन्वय समिति, वाग्लुङको सहकार्यमा वैशाख १० मा पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजनासम्बन्धी अन्तर्क्रिया सम्पन्न भएको छ । कार्यक्रममा सहभागीहरूले जिल्लामा पाँचौं कार्ययोजना जिल्ला समन्वय समिति गठन भए पनि जिल्लाको कुनै पनि स्थानीय तह (१० पालिका रहेको) मा कार्ययोजनासम्बन्धी स्थानीय तह समन्वय समिति गठन नभएको विषय उठाएका थिए। सम्बन्धित निकायहरूबाट कार्ययोजनासम्बन्धी प्रचार-प्रसार तथा समयमै अभिमुखीकरण नहुँदा कार्ययोजनाको समिति गठन तथा कार्यान्वयनमा ढिलाइ भएको उनीहरूको भनाइ छ । जिम्मेवार कर्मचारीहरूको आकस्मिक रूपमा हुने सरुवाले नियमित बैठक तथा कार्यान्वयनमा समस्या हुने गरेको सहभागीहरूको भनाइ छ ।



कार्ययोजना कार्यान्वयन तथा समन्वय संयन्त्रअन्तर्गत सङ्घीय समन्वय समिति र प्रदेश समन्वय समितिमा कर्मचारीको संयोजकत्व हुने गर्दछ । जिल्ला समन्वय समिति र स्थानीय तह समन्वय समितिमा जनप्रतिनिधिको संयोजकत्वमा समिति रहने व्यवस्था छ । फलतः कार्ययोजनाको कार्यान्वयनमा आवश्यक निर्देशन एवम् कार्यान्वयनमा समस्या हुने गरेको सहभागीहरूको भनाइ रहेको थियो । छलफलमा पालिका प्रमुखहरूले हालसम्म

पनि समन्वय समिति गठन नभएका पालिकहरूमा शीघ्र समिति गठन गर्ने प्रतिबद्धता जनाउँनु भएको थियो । आगामी पालिकाको वार्षिक नीति तथा कार्यक्रममा कार्ययोजनाका उद्देश्य तथा क्रियाकलापहरूलाई समेत नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयनमा लैजानेमा उहाँहरूले जोड दिनुभएको थियो ।

## मानव अधिकारका नीतिगत सवालमा आयोग

आयोगको कर्णाली प्रदेश कार्यालय सुर्खेतको आयोजनामा वैशाख ८ गते प्रदेशमा मानव अधिकारका नीतिगत सवाल र आयोगको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । आयोगका कामु सचिव मुरारिप्रसाद खरेलको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा आयोगका सहसचिव डा. टीकाराम पोखरेलले आयोगको रणनीतिक योजनामा समावेश गरिएका अधिकारका सवाल र कर्णाली प्रदेशको अवस्था सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो ।



आयोगको कर्णाली प्रदेश कार्यालयका प्रमुख लोकनाथ बास्तोलाले कार्यक्रमको उद्देश्य तथा औचित्यका सम्बन्धमा प्रकाश पार्नुभएको थियो । कार्यक्रममा अतिथिको रूपमा कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ता नरबहादुर खड्का, कर्णाली प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक भीम ढकाल, नागरिक समाज तथा विभिन्न सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूले मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा (महिला १८ र पुरुष ३४) ५२ जनाको सहभागिता रहेको थियो ।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी प्रतिवेदन तयारी सम्बन्धमा परामर्श गोष्ठी

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिअन्तर्गत समितिबाट छैटौं आवधिक प्रतिवेदनउपर सुर्खेतमा वैशाख २८ र २९ मा परामर्श गोष्ठी सम्पन्न भएको छ । गोष्ठी नेपाललाई प्राप्त



सुझावको कार्यान्वयन तथा राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय महिला आयोगको तर्फबाट संयुक्त रूपमा पेस गरिने प्रतिवेदन तयारी सम्बन्धमा केन्द्रित रहेको थियो । गोष्ठीमा लैङ्गिक हिंसाविरुद्ध कर्णाली प्रदेशस्तरीय सञ्जाल निर्माण सम्बन्धमा समेत छलफल भएको थियो । राष्ट्रिय महिला आयोगका अध्यक्ष माननीय कमला पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा आयोगका सदस्य माननीय लिली थापा विशेष र कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय कृष्णबहादुर जिसी प्रमुख अतिथि रहनुभएको थियो । प्रदेशका मुख्य न्यायाधिवक्ता माननीय नरबहादुर खड्का, मुख्यमन्त्री तथा मन्त्रीपरिषद कार्यालय कर्णाली प्रदेशका सचिव श्री आनन्द सारु, सुर्खेतका प्रजिअ नारायणप्रसाद सापकोटा, कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक भीम ढकाल अतिथि रहनुभएको थियो । उद्घाटन कार्यक्रममा कर्णाली प्रदेशका आठ जिल्लाका १०९ जनाको सहभागीता रहेको थियो ।

## अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अवस्था



आयोगको आयोजना र राष्ट्रिय आदिवासी महिला अपाङ्ग सङ्घको समन्वय तथा सहकार्यमा वैशाख ४ मा परामर्श गोष्ठी सम्पन्न भएको छ । गोष्ठी अपाङ्गता भएका

व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ को निष्कर्ष सुझावहरूको कार्यान्वयन अवस्था सम्बन्धमा केन्द्रित रहेको थियो ।

परामर्शको क्रममा मधेश प्रदेशमा रहेका ९५ प्रतिशत विद्यालयहरू अपाङ्गतामैत्री नरहेको सहभागीहरूको भनाइ रहेको थियो । मधेश प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अवस्थासम्बन्धी गहिराइमा अध्ययन हुन नसकेको, यकीन तथ्याङ्क नरहेको, विशेषतः अपाङ्गता भएका महिलाहरूको अवस्था दयनीय रहेको जस्ता सवाल पनि उठाइएको थियो । स्थानीय सरकारले अपाङ्गता भएका व्यक्तिलाई सम्बन्धित कार्यक्रमहरूमा सहभागिता नगराउँने, परिचयपत्र निर्माणमा कठिनाइ हुने, सहायक सामग्रीहरू समयमा उपलब्ध नहुने, विनानापजाँच ट्राइसाइकलहरू व्यवस्था आदि समस्या र चुनौतीको रूपमा देखिएको उनीरूको भनाइ थियो । 'क' बर्गका अपाङ्गता भएका व्यक्तिहरूको लागि आरक्षणको व्यवस्था गरिनु अर्थपूर्ण नहुने विषयलाई पनि प्राथमिकताका साथ उठाइएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेश सभाका माननीय सदस्य रामआशिष राय लेमधेश प्रदेश अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संवेदनशील भएर कार्य गर्ने प्रतिबद्धता जाहेर गर्नुभएको थियो । आयोगका माननीय सदस्य प्रा.डा.सूर्यप्रसाद ढुंगेलले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी विषयमा आयोगले प्राथमिकतामा राखेर कार्य गरी रहेको र सरकारलाई यस विषयमा उत्तरदायी बनाउँन आयोग क्रियाशील रहिआएको उल्लेख गर्नुभयो । कार्यक्रममा आयोगका माननीय सदस्य मनोज दुवाडी, जनकपुरधाम उपमहानगरपालिका प्रमुख, उपप्रमुख, जिल्ला प्रशासन कार्यालय धनुषाका प्रमुख जिल्ला अधिकारी समेतले आफ्नो धारणा राख्नुभएको थियो । नेपाली सेनाका प्रमुख, जिल्ला प्रहरी कार्यालय धनुषाका एसपी, सशस्त्र प्रहरी बलका एसपी, राष्ट्रिय अनुसन्धान विभाग धनुषाका प्रमुखको पनि उपस्थिति रहेको थियो । प्रादेशिक अस्पताल जनकपुरका निर्देशक, महिला बालबालिका युवा तथा खेलकुद मन्त्रालय, उच्च अदालत धनुषाबाट पनि सहभागिता जनाइएको थियो । कार्यक्रममा अपाङ्गताको क्षेत्रमा क्रियाशील, गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरू, मानव अधिकार रक्षक र सञ्चारकर्मी गरी १२० जनाको सहभागीता थियो ।

## उपभोक्ताको अधिकारः सरोकारवालाहरूबीच छलफल

आयोगले वैशाख ५ मा उपभोक्ता अधिकारको क्षेत्रमा कार्यरत सरोकारवालाहरूको अनौपचारिक समन्वय बैठकको आयोजना गरेको थियो । उपभोक्ताको मानव अधिकारको सम्मान, संरक्षण, प्रभावकारी कार्यान्वयनको सुनिश्चितताको लागि सरोकारवाला निकायहरूबीच समन्वय गराउनु कार्यक्रमको उद्देश्य रहेको थियो ।



कार्यक्रममा आयोगका अध्यक्ष मानीय तपबहादुर मगरले आयोगबाट विपद् तथा कोभिड प्रकोपको समयमा समेत उपभोक्ताको अधिकारको सवाललाई प्राथमिकतामा राखी आयोगले कार्य गरेको जानकारी गराउँनुभयो । हाल बजारमा उपभोक्ताले उपभोग गर्ने खाद्यान्न लगायतका वस्तुहरूको गुणस्तरमा समस्या देखिएको र यसलाई समाधान गर्नका लागि सम्बन्धित सरोकारवाला निकायहरूबीच समन्वय र सहकार्य आवश्यक रहेको उहाँको भनाइ थियो । आयोगका सदस्य माननीय मिहिर ठाकुरले उपभोक्ताको हकहितको संरक्षणको जति काम हुनुपर्ने हो, त्यति नभएको भन्दै उपभोक्ताको अधिकारको संरक्षणका लागि राज्यका सबै निकाय जिम्मेवार हुनुपर्नेमा जोड दिनुभयो । सङ्घीय सरकारले आवश्यक बजेट तथा मानव स्रोत उपलब्ध गराउँनुपर्ने साथै उपभोक्ताको अधिकारको सम्मान तथा प्रभावकारी कार्यान्वयनमा निजी संस्थाहरूलाई समेत जिम्मेवार बनाउनुपर्ने उहाँको भनाइ थियो ।

राज्यका स्थापित निकायहरूबाट आफ्नो दायित्व पूरा गर्न नसकेको वर्तमान परिप्रेक्ष्यमा आयोगले उपभोक्ताको

मानव अधिकारको संरक्षणमा अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने बैठकका वक्ताहरूको भनाइ रहेको थियो । ग्याँस, खाद्यान्न, दूध लगायत दैनिक उपभोग्य वस्तुमा जथाभावी भएको मूल्यवृद्धि तथा गुणस्तरमा ह्रास आएको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुनुपर्ने उहाँहरूको भनाइ थियो ।

कार्यक्रममा आयोगका सामूहिक अधिकार महाशाखा प्रमुख बुद्धनारायण सहनीले उपभोक्ताको मानव अधिकार अनुगमन निर्देशिका, २०७९ को सम्बन्धमा कार्यपत्र प्रस्तुत र मानव अधिकार अधिकृत (उपभोक्ता अधिकारको सम्पर्क अधिकृत) यशोदा बन्जाडेले सहजीकरण गर्नुभएको थियो । आयोगका अध्यक्ष माननीय तपबहादुर मगरको अध्यक्षतामा सम्पन्न बैठकमा आयोगका कामु सचिव, सहसचिव र विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधिहरूसमेतको सहभागिता रहेको थियो ।

## संयुक्त राष्ट्रसङ्घीय कार्य समूहका अध्यक्ष आयोगमा




व्यावसाय र मानव अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय कार्य समूहका अध्यक्ष डा. पिचमोन यओफान्तोङले राष्ट्रिय मानव अधिकार आयोगको भ्रमण गर्नु भएको छ। भ्रमणको क्रममा व्यवसाय र मानव अधिकारका विषयमा आयोगका पदाधिकारीसँग छलफल पनि भएको थियो ।

## व्यावसाय र मानव अधिकार विषयमा संसद् र आयोग

आयोगको आयोजना तथा सङ्घीय संसद् सचिवालयको समन्वयमा वैशाख १४ र १५ गते प्रतिनिधि सभाका माननीय सदस्यहरूसँग व्यावसाय र मानव अधिकार विषयमा परामर्श कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा सम्बोधन गर्दै प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले मानव अधिकारको सम्मान, संरक्षण एवम् परिपालनाको निम्ति सरोकारवालाहरूले आआफ्नो ठाउँबाट जिम्मेवार भई कार्यसम्पादन गर्नुपर्नेमा जोड दिनुभयो ।।

कार्यक्रममा आयोगका का.मु. सचिव मुरारिप्रसाद खरेलले व्यवसाय र मानव अधिकार, आयोगबाट सम्पादित कार्यहरू, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव दीपेन्द्र पौडेलले व्यवसाय र मानव अधिकारको प्रस्तावित राष्ट्रिय कार्ययोजनाको सम्बन्धमा प्रस्तुतिकरण गर्नुभएको थियो । त्यसै गरी युनडीपीका पोर्टफोलियो म्यानेजर टेक टमाटाको व्यावसाय, मानव अधिकारको अन्तर्राष्ट्रिय विकासक्रम र राज्यको दायित्व र अधिवक्ता राजु चापागाईले व्यावसाय र मानव अधिकारसँग सम्बन्धित राष्ट्रिय कानुनी व्यवस्था विषयमा प्रस्तुति रहेको थियो ।

प्रस्तुतिको सेरोफेरोमा रही नेपाली काङ्ग्रेस संसदीय दलका मुख्य सचेतक माननीय रमेश लेखक, नेकपा (एमाले) संसदीय दलका सचेतक माननीय महेश बर्तौला, नेकपा ( माओवादी केन्द्र) संसदीय दलका मुख्य सचेतक माननीय हितराज पाण्डेले आफ्नो भनाइ राख्नुभएको थियो। राष्ट्रिय स्वतन्त्र पार्टी संसदीय दलका मुख्य सचेतक माननीय सन्तोष परियार, नेकपा (एकिकृत समाजवादी) संसदीय दलका मुख्य सचेतक माननीय मेटमणी चौधरी, राष्ट्रिय प्रजातन्त्र पार्टी संसदीय दलका सचेतक माननीय विना लामाले पनि विषयवस्तुमा धारणा राख्नुभयो। लोकतान्त्रिक समाजवादी पार्टी संसदीय दलका सचेतक माननीय गंगाराम चौधरी, जनता समाजवादी पार्टीका माननीय रञ्जु ठाकुर, नागरिक उन्मुक्ति पार्टी माननीय गंगाराम चौधरीलगायत माननीय सदस्यहरूले विचार राख्नुभएको थियो । कार्यक्रमका वक्ताहरूले आफू र आफ्नो दल मानव अधिकारको विषयमा संवेदनशील रहेको भन्दै संसद्मा विचाराधीन आयोगको विधेयकमा थप परामर्श गरी प्रक्रिया अगाडि बढाउन प्रतिबद्धता जाहेर गर्नुभएको थियो । व्यावसाय र मानव अधिकार आयामका विषयमा आयोगले गरेको कार्यक्रम सह्रानीय रहेको उहाँहरूको

भनाइ थियो । यस्ता विषयमा नियमित रूपमा आयोग र संसद्बीच व्यापक परामर्श र अन्तरक्रिया आवश्यक पर्ने हुँदा त्यसतर्फ आयोगलाई थप अग्रसर आयोगलाई आग्रह गर्नुभयो ।



कार्यक्रममा आयोगका माननीय सदस्य मिहिर ठाकुरले व्यवसाय र मानव अधिकारका सम्बन्धमा संयुक्त राष्ट्रसङ्घले जारी गरेको मार्गनिर्देशक सिद्धान्त कार्यान्वयन गरी मानव अधिकार संरक्षण, सम्मान र परिपालनामा सबैको योगदानको आवश्यकता रहेको औँल्याउनु भयो । आयोगका माननीय सदस्य लिली थापाले साना तथा ठुला व्यावसायिक प्रतिष्ठानले श्रमिकको अधिकार, महिला श्रमिकको अधिकार संरक्षण र सम्मान गर्न अत्यावश्यक भएको बताउनु भयो । सङ्घीय संसद्का महासचिव डा. भरतराज गौतमले व्यावसाय र मानव अधिकारको सवालमा संसद् र आयोगबीच सहकार्य निरन्तर रहने उल्लेख गर्नुभयो । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमका आवासीय प्रतिनिधि आइसानी लावेले व्यवसाय र मानव अधिकार सवालमा संसद्, तीन तहका सरकार र आयोगबीचको सहकार्यले मूर्तरूप पाउँनुपर्नेमा जोड दिनुभयो । प्रतिनिधि सभाका सम्माननीय सभामुख देवराज घिमिरेको प्रमुख आतिथ्यतामा सम्पन्न दुई दिवसीय सो सो कार्यक्रमको अध्यक्षता आयोगका माननीय अध्यक्ष तपवहादुर मगरले गर्नुभएको थियो । कार्यक्रममा प्रतिनिधि सभाका माननीय सदस्य साथै आयोग र सङ्घीय संसद्का कर्मचारीहरुको समेत सहभागिता रहेको थियो ।

## छुवाछूत तथा भेदभावविरुद्ध आयोग

ओखलढुङ्गा सिद्धिचरण नपा ४ रुम्जाटारस्थित शिवमन्दिरमा २०७९ फागुन ६ गते शिवरात्रीमा पुजा गर्न गएका दलित समुदायलाई मन्दिर प्रवेश गर्न रोक लगाइएको भनी विभिन्न सञ्चार-माध्यममा समाचार प्रकाशित भएका थिए । प्रकाशित समाचारको आधारमा आयोगले सो घटनालाई गम्भीरतापूर्वक लिई स्वविवेकीय उजुरीको आधारमा (२०७९ चैत २८ देखि २०८० वैशाख ५ सम्म) अनुसन्धान/अन्तर्किया गरेको छ ।

अनुसन्धानका क्रममा टोलीले प्रजिअ, जिल्ला प्रहरी प्रमुख, सिद्धिचरण नपा प्रमुख, वडा नं. ४ का वडाध्यक्ष, स्थानीय जनप्रतिनिधिसँग जानकारी लिएको छ । यसको साथै पीडित र पीडक भनिएका पक्ष, स्थानीय राजनीतिक दलका प्रतिनिधि, मन्दिर व्यवस्थापन समितिका पदाधिकारी, दलित अधिकारकर्मी, सञ्चारकर्मी एवम् घटनाका प्रत्यक्षदर्शीसँग पनि भेटघाट, छलफल गरेको छ । टोलीले मन्दिरको समेत स्थलगत अवलोकन गरेको छ ।



घटनाको कारण समाजमा उत्पन्न हुन सक्ने परिस्थितिलाई मध्यनजर राखी आयोगले अन्तर्किया कार्यक्रमको आयोजना गरेको छ । सामाजिक सद्भाव कायम गर्न सहयोग पुग्ने अपेक्षका साथ आयोजित सो कार्यक्रममा पीडित र पीडक भनिएका पक्ष, मन्दिर व्यवस्थापन समिति, स्थानीय जनप्रतिनिधिको उपस्थिति रहेको थियो । यसै गरी नेपाल प्रहरी, दलित अधिकारकर्मी, राजनीतिक दलका प्रतिनिधि, स्थानीय दलित तथा गैरदलित समुदायको पनि उपस्थिति रहेको थियो । आयोगबाट खटिएको सो टोलीमा मानव अधिकार अधिकृतद्वउ दिपक थापा, नेत्रबहादुर गौतम र सहायक प्रथम भिमसेन थापा मगर रहनुभएको थियो ।

**संकलन/सम्पादन मण्डल**

कैलाशकुमार सिवाकोटी
दुर्गा पोखरेल
पवन भण्डारी